

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस ८ गते शुक्रबार ❑ 23 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## यती र बुद्ध एयरलाइन्सको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो प्रदर्शन उडान

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यती र बुद्ध एयर लायन्सको पहिलो प्रदर्शन उडान सफलता पुर्वक सम्पन्न भएको छ।

दुवै एयरलायन्स विहीवार पुरानो विमानस्थलबाट उडी नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा सम्म पुगी प्रदर्शन उडान सफलतापूर्वक सम्पन्न गरेको हो। सोही दिनको उडानमा पोखराका मेयर, पोखराका पर्यटन व्यवसायी, उद्योगी निजी क्षेत्रका प्रतिनिधि र पत्रकारहरु लगायतका उडानमा सहभागी भएका थिए । विमानस्थलमा आगामी पुस १७ अर्थात १ जनवरी २०२३ वाट आन्तरिक उडान गर्ने कार्यक्रम रहेको छ ।

विमानस्थल फेमिलिर इजेसनका लागि दुवै एयर लायन्सलाई पहिलो प्रदर्शन उडानको अनुमति दिएको



पोखरा विमानस्थलका प्रमुख विक्रम गौतमले बताए ।

दुवै एयरलायन्सले अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गका दुबैतर्फबाट उडान र अवतरण सफलता पूर्वक गरेका प्रमुख गौतमले भने । पहिलो प्रदर्शनमा दुवै विमान विमानस्थल माथि सफलतापूर्वक घुम्नाले गण्डकी प्रदेशमा खुशीको लहर छाएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले भने । प्रदर्शन उडानले आगामी दिनमा पर्यटन प्रर्वद्धनमा ठुलो सहयोग पुग्ने अध्यक्ष श्रेष्ठले विश्वास ब्यक्त गरे ।

नयाँ विमानस्थलमा जडान गरिएका सामग्री परीक्षण गर्न यसअघि नै 'क्यालिब्रेसन फ्लाइट' भइसकेको पर्यटन परिषदका महासचिव संजयकान्त सिग्देलले बताए । आजको उडानले सवै पर्यटन व्यवसायीले थप उर्जा थपेको महासचिव सिग्देलले भने । पर्यटन क्षेत्रमा आवद्ध पारस देवकोटाले जहाज चडेपछि आगामी दिनमा पर्यटन क्षेत्रलाई विकास गर्न अन्तर्राष्ट्रिय विमानस्थलले ठूलो सहयोग पुराउने वताए ।

## पर्यटन प्रबर्द्धनमा कालिकादेखि विंध्ववासिनीसम्म साइकलयात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**



यस बर्षको टुर दी पोखरा कार्यक्रम अर्न्तगत विहिबार ७२ किलोमिटर दुरीमा बागलुङको कालिका मन्दिरबाट पोखराको विन्ध्यवासिनी मन्दिरसम्म साइकल र्‍याली सम्पन्न भएको छ।

टुर दी पोखरा अर्न्तगत फ्रान्समा हुने साइकल टुर कै झल्को दिने गरी विहिबार बागलुङ देखि पोखरासम्मको मन्दिर जोड्ने गरी उक्त कार्यक्रम गरिएको टुर दी पोखराका संयोजक राजन गोङ्गजुले बताए।

उक्त र्‍यालीमा १० बर्षका लुकास भट्टराई देखि ७३ बर्षका तिर्थ श्रेष्ठ सहित करिब एक सय भन्दा बढी साइक्लिटहरुको सहभागिता रहेको उनले बताए । स्वास्थ्य, वातावरण र पर्यटनका लागि साइकल भन्ने नाराका साथ साइकल सिटीले टुर दी पोखरा कार्यक्रम हरेक वर्ष आयोजना गर्दै आएको संयोजक गोङ्गजुले जनाए ।

यसैबिच उक्त साइकल र्‍यालीको गण्डकी प्रदेशका पर्यटन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्माले गरे । कार्यक्रममा बोल्दै मन्त्री शर्माले यस्ता कार्यक्रमले खेल पर्यटनको प्रबर्द्धन हुने दाबी गरे । उद्घाटन सत्रमा नेपाल आयल निगमका निर्देशक विनि श्रेष्ठ, बागलुङका प्रमुख जिल्ला अधिकारी रमेश ढकाल लगायतको सहभागिता रहेको थियो । बागलुङ मन्दिरका पण्डितबाट टिका र प्रसाद ग्रहण गरी निस्केको उक्त र्‍यालीले बागलुङ बजार, कुस्मा बजार हुदै विन्ध्यवासिनी मन्दिरमा पुगेर टुंगिएको थियो । विन्ध्यवासिनी मन्दिरमा मुल पुजारीले र्‍यालीमा सहभागिहरुलाई टिका र प्रसाद प्रदान गरेका थिए भने स्थानिय आमा समुह सहितको टोलीले पोखरामा स्वागत गरेका थिए। कार्यक्रममा देशका विभिन्न भागबाट साइकल यात्रीहरू सहभागी भएको पोखरा साइकल सिटीका अध्यक्ष अभिषेक कोइरालाले बताए । कम्तिमा पनि एक दिन भए पनि साइकल चढेर पेट्रोलियम पदार्थको खपत घटाउने अभियान आफुहरुले सुरु गर्ने उनले जनाए । यसैबिच यही पुष ९ गते पोखरामा करिब १९ किलोमिटर साइकल र्‍याली हुने भएको छ । उक्त साइकल र्‍यालीमा करिब १ हजार ५ सय जना सहभागि हुने अपेक्षा गरिएको संयोजक गोङ्गजुले जनाए । पोखराको प्रर्दशनी केन्द्रबाट सुरु भई उक्त र्‍याली पोखराका विभिन्न भाग परिक्रमा गरी प्रर्दशनी केन्द्रमै पुगेर समापन हुने भएको छ ।

उक्त अवसरमै उक्तदान कार्यक्रम समेत हुने भएको साइकल सिटी पोखराका पूर्व अध्यक्ष प्रकाश बज्रचार्यले बताए । अघिल्ला दुई बर्ष कोरोनाको कारण प्रभावित भई स्थगित भएको थियो । टुर दी पोखराको पूर्व सन्ध्यामा पोखरामा बुधबार पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा दोश्रो राष्ट्रिय मेयर कप साइकल दौड प्रतियोगिता सम्पन्न भएको छ ।

## पोखरा सडक महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**

अङ्ग्रेजी नयाँ वर्ष २०२३ को अवसरमा यही पुस १३ देखि १७ गतेसम्म पोखरामा '२४औं पोखरा सडक महोत्सव' आयोजना हुने भएको छ।

'सडकमै खाऔं, सडकमै नाचौं, सडकमै रमाऔं' भन्ने नाराका साथ रेस्टुराँ एण्ड बार एशोसियशन (रेवान) पोखराको आयोजनामा पाँचदिने महोत्सव हुन लागेको हो।

रेवान पोखराले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष नरेश भट्टराईले आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनका लागि पोखराको लेकसाइडस्थित तीन किलोमिटर क्षेत्रमा महोत्सव आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

महोत्सव फिस्टेल गेटदेखि खहरे चोक हुँदै जरेवर लेकसाइडसम्म हुनेछ। महोत्सवमा सांस्कृतिक कार्यक्रम, मौलिक भेषभूषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी गीत प्रतियोगिता, झाँकी प्रदर्शन, रात्रिकालीन कन्सर्ट, बोट रेस, खुल्ला भेट्रान टेनिस प्रतियोगिता, वेटररेसलगायतका कार्यक्रम हुनेछन् । मुलुकको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्राआर्जन, रोजगारी सिर्जना, समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउन सहयोग पुग्ने विश्वास आयोजकले लिएको छ ।

पोखरा र गण्डकी प्रदेशभित्रको लुकेको संस्कृतिलाई सडक महोत्सवमार्फत् उजागर गर्न खोजिएको रेवान पोखराका पूर्व अध्यक्ष एवं पोखरा पर्यटन परिषद्को पूर्व अध्यक्ष गोपी भट्टराईले बताउनुभयो ।

सडक महोत्सवमा पाँच लाख दर्शकको उपस्थिति हुने अपेक्षा गरिएको छ भने महोत्सव आयोजनामा रु ७० लाख खर्च हुने उहाँको भनाइ छ। महोत्सवमा सङ्घीय राजधानी काठमाडौँसहित चितवन, बीरगञ्ज, विराटनगर, नेपालगञ्जलगायतका स्थानबाट आन्तरिक पर्यटकको सहभागिता रहने आयोजकले विश्वास लिएको छ।

रेवानका केन्द्रीय अध्यक्ष अरनिको राजभण्डारीले निजी क्षेत्रले गरेको सबैभन्दा ठूलो सडक महोत्सव भएकाले यसलाई सफल बनाउन सबै क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। रेवान पोखरा अध्यक्ष भट्टराईले पोखराका होटलले दैनिक ४० हजार पर्यटकलाई सेवा दिन सक्ने बताउनुभयो। नेपाल आउने कूल पर्यटकमध्ये ४० प्रतिशत पोखरा घुम्न जाने उहाँको भनाइ छ। साथै महोत्सवको अवसरमा होटलहरूले रुममा २० प्रतिशत छुट दिइएको उहाँले जानकारी दिनुभयो ।

महोत्सवमा सुरक्षा व्यवस्था पनि चुस्त बनाइएको उहाँले बताउनुभयो । "आयोजकका तर्फबाट दुई वटा निजी कम्पनीलाई सुरक्षाको जिम्मेवारी दिएका छौं", उहाँले भन्नुभयो, "त्यसबाहेक सरकारले पनि विगतमा जस्तै सुरक्षा प्रदान गर्नेछ ।" उहाँले पार्किङका लागि पनि पर्यटन बसपार्क, शहीद चोकलगायतका स्थानमा व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

महोत्सवमा बसुन्धारा पार्कभित्र १६ वटा स्टल र बाहिर निःशुल्क एक सयभन्दा बढी स्टल रहने उहाँले जानकार दिनुभयो । उहाँले नेपाल पर्यटन बोर्डको सहकार्यमा बाँकी छ वटै प्रदेशबाट पनि महोत्सवमा सहभागिता रहने बताउनुभयो ।

## "पोखरा खेलकुद संस्कृतिको रुपमा स्थापित छ"-मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा पोखरामा १५ औं संस्करणको हिसान स्पोर्टस मिट औपचारिक रुपमा सुरु भएको छ।

पोखरा रंगशालामा आयोजित १५ औं हिसान स्पोर्टस मिटको एक भव्य समारोहका विच गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीले उद्घाटन गरेका छन् ।

सेम अवसरमा बोल्दै मुख्यमन्त्री पोखरेलले पोखरा खेलकुद संस्कृतीको शहरको रुपमा बिकास भएको बताए । उनले भने- "गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजना हुने ठूला राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगिता हुन वा अन्य खेल गतिविधिले



पनि पोखरा खेलकुदको संस्कृतीको शहरको रुपमा स्थापित गर्न सहयोग गरेको छ।"

पोखरालाई खेलकुद राजधानीको शहरको रुपमा घोषणा गर्न प्रदेश सरकारले पटक-पटक आफ्ना कुराहरु संघिय सरकारलाई अघि बढाएको बताउँदै मुख्यमन्त्री पोखरेलले हिसानले शिक्षाको क्षेत्रमा जसरी बिकास गरेको छ त्यसरीनै खेलकुद विकासका लागि समेत महत्वपूर्ण भूमिका खेलेकोमा हिसान कास्की प्रति आभार व्यक्त गरे ।

सो अवसरमा आफ्ना भनाई राख्दै हिसानका केन्द्रिय अध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषद (राखेप)का पूर्व सदस्य सचिव रमेश सिलवालले खेलकुदमा कहिल्यै पनि राजनितीमा जस्तो हार वा जितको विषय नहुने बताए। उनले खेलकुदले एकताको विकास गर्न अहम भूमिका खेल्ने बताउँदै हिसानले आगामी दिन चाँडै नै राष्ट्रियस्तरको फुटसल प्रतियोगिता आयोजना गर्न लागिएको बताउँदै स्पोर्टस मिटले खेलकुद मार्फत मित्रता बढाउन कोशेढुङ्गा सावित हुने उल्लेख गरे।

हिसान कास्कीका अध्यक्ष याम बहादुर रोक्काको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा १५ औं हिसान स्पोर्टस मिटका संयोजक डा.रामजी शर्माले शिक्षा संगै खेलकुदको विकास र खेलाडी उत्पादनका लागि स्पोर्टस मिटलाई निरन्तरता दिंदै आएको बताए ।

उद्घाटन कार्यक्रममा अतिरिक्त कृयाकलापमा बिजेता विद्यालय तथा विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो भने विभिन्न विद्यालयका विद्यार्थीहरुले एकल तथा सामुहिक नृत्य प्रस्तुत गरेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनप्रियलाई जग्गा प्रबन्ध गर्न प्रतिवद्ध छु : प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले जनप्रिय बहुमुखी क्याम्पसलाई मानित विश्वविद्यालय बनाउनका लागि जग्गा प्रबन्ध गर्न प्रतिवद्ध रहेको जनाएका छन् ।

क्याम्पसको नवौं अधिवेशनबाट निर्वाचित कार्यसमितिको पदस्थापना कार्यक्रममा प्रमुख अतिथिका रूपमा बधाई तथा शुभकामना मन्तव्य राख्दै आचार्यले भने हामी पोखरालाई पर्यटकीय र ाजधानी घोषणा गर्दै छौं, पर्यटन क्षेत्रका लागि चाहिने दक्ष जनशक्ति उत्पादनमा जनप्रियले स्वायत्त कार्यक्रम विएमटिम चलाइरहको हुँदा प्राज्ञिक उन्नयनसँगै विशिष्टता हाँसिल गर्न आग्रह गरे ।

पदस्थापनापछि नवनिर्वाचित वीरेन्द्रनारायण अध्यक्ष बिजुक्छेले 'जनप्रिय क्याम्पस समुदायबाट सञ्चालित शैक्षिक संस्था भएकाले संरक्षक र सिनेटर



लाई विशेष सम्मान गर्ने, कर्मचारी र प्राध्यापकको मनोवल बढाउने, आर्थिक मितव्ययिता पालना गर्ने, जवाफदेहिता र पारदर्शिता कायम गर्दै संस्थाको विधि र मर्यादाभित्र रहेर काम गर्ने प्रतिवद्धता गरे । बिजुक्छेले थपे आफू र ाजनीतिक व्यक्ति भए पनि तीन वर्षे कार्यकालमा जनप्रियभित्र र ाजनीतिक रङ दिने छैन् । पूर्वाधार विकास र शैक्षिक गुणस्तर वृद्धिमा कुनै 'कम्प्रोमाइज' गर्दिन भने ।

अध्यक्षका प्रत्यासी सोमनाथ बरालले राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा काम गरेर अनुभव हाँसिल गरेको अध्यक्ष क्याम्पसले पाएको हुँदा गुणस्तरको शाख कायम राख्दै, स्वायत्त कार्यक्रमलाई प्रभावकारी बनाउन, शिक्षक कर्मचारीको स्थायी र बढुवा गर्ने कार्यमा कार्यविधि बनाएर काम गर्न सुझाए । पदस्थापना कार्यक्रममा नवनिर्वाचित कार्यसमितिलाई शुभकामना र बधाईसँगै सुझाव पनि दिइएको थियो । संस्थापक पूर्व उपाध्यक्ष हरि बराल, संस्थापक प्राध्यापक प्राडा देवेन्द्रबहादुर लामिछाने, निवर्तमान अध्यक्ष तारा गिरी, पूर्व अध्यक्ष दामोदर चालिसे, इन्द्रबहादुर कुँबर, सल्लाहकार परशुराम बराल, सिर्जना विकास केन्द्रका अध्यक्ष कृष्णबहादुर थापा, क्याम्पस प्रमुख लोकर ाज भण्डारी लगायतका वक्ताले चुनाव जितेको दम्भ नलिई अहङ्कार बिर्सेर क्याम्पसको हितमा क्रियाशील रहन आह्वान गरे । क्याम्पस सञ्चालक समितिका ११ जना सदस्यहरूमा अर्जुन श्रेष्ठ, रंगिला आचार्य, ध्रुवराज चालिसे, युवराज पराजुली, गणेशबहादुर अधिकारी, इन्द्रप्रसाद पौडेल, शोभामोहन पौडेल, नम्रता बराल, राजेन्द्र पहारी, विजयराज आचार्य र कृष्णप्रसाद पराजुली निर्वाचित भएका छन् । सदस्यहरू एकल सङ्क्रमणीय निर्वाचन पद्धतिबाट चयन भएका हुन् । निर्वाचन समितिका संयोजक अधिवक्ता दयाराम गौतमले अध्यक्ष बिजुक्छेसहित सञ्चालक समितिका सदस्यहरूलाई पद तथा गोप्यनीयताको सपथ ग्रहण गराए । निर्वाचन समितिका संयोजक अधिवक्ता दयार ाम गौतमको सभापतित्वमा सम्पन्न पदस्थापना कार्यक्रममा सदस्य एकनारायण अर्याललले शुभकामना मन्तव्य राखेका थिए भने डा.श्रीकान्त शर्मा खतिवडाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# पोखरा ८ मा नेतृत्व तथा क्षमता विकास तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**

पोखरा महानगरपालिका वडा नं. ८ को आयोजना तथा पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको समन्वयमा २ दिने नेतृत्व तथा क्षमता विकास तालिम शुरु भएको छ ।

तालिमको उद्घाटन गर्दै वडाका अध्यक्ष रुद्रनाथ बरालले महिलाहरुले नेतृत्व गरिरहेको संघसंस्थाहरुमा अझ व्यवस्थित तरिकाले व्यवस्थापन गर्नको लागि यो तालिमले सहयोग पुर्‍याउने बताउँदै महिलाहरुको आफू भित्र रहेको क्षमता प्रष्फुटन गर ाउन यस तालिमले सघाउने विश्वास व्यक्त गर्नुभयो । प्रमुख प्रशिक्षकमा जमुना वर्षा शर्मा र



प्रशिक्षकमा वडा सचिव सविता ढुङ्गाना रहनु भएको तालिममा वडा नं. ८ भित्रका महिला समूह, टोल विकास संस्था, आमा समूहका ४५ जना महिलाहरुको सहभागिता रहेको छ । कार्यक्रममा कार्यक्रम संयोजक तथा वडा सदस्य पवित्रा पौडेल, वडा सदस्यहरु गोविन्द बराल र हिर ाकाजी श्रेष्ठले शुभकामना मन्तव्य राख्नुभएको थियो । वडा अध्यक्ष रुद्रनाथ बरालको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य वडा सदस्य लक्ष्मी वि.क. र कार्यक्रमको संचालन वडा सचिव सविता ढुङ्गानाले गर्नुभएको थियो । दुईदिनसम्म संचालन हुने उक्त तालिमको समापन शुक्रबार हुनेछ ।

# वायुसेवा निगमले तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ गर्ने

**रासस**
**काठमाडौं, ७ पुस**

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलसहित तीनवटै अन्तर ाष्ट्रिय विमानस्थलको व्यावसायिक भूमिस्थ प्रबन्ध (कमर्सियल ग्राउण्ड ह्याण्डलिङ) सेवा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्सले) ले गर्ने भएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हिमालयले पाएको सेल्फ ग्राउण्ड ह्यान्डलिङ सेवा रद्द गर्ने निर्णय गरेपछि निगमलाई पोखरा विमानस्थलको पनि ग्राउण्ड ह्याण्डिलिङ सेवाको बाटो खुलेको हो । क्यानको गत पुस ४ गतेको बैठकले हिमालयले दुई वर्ष अगाडि पाएको सेल्फ ग्राउण्ड ह्यान्डलिङ सेवा रद्द गर्ने निर्णय गरेको थियो । क्यानका प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार यस निर्णयबाट राष्ट्रिय ध्वजाबाहकका पक्षमा ठूलो सहयोग पुग्नेछ । अब तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलमा निगमले कमर्सियल ग्राउण्ड ह्याण्डलिङ सेवा गर्नेछ । यसअघि निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलको ग्राउन्ड ह्याण्डिलिङ गर्दै आएको छ । "प्राधिकरणको वर्तमान आर्थिक अवस्थालाई समेत मध्यनजर गर्दै राष्ट्रिय ध्वजावाहकलाई संरक्षण गर्नुपर्ने राज्यको दायित्व भएकाले निजी वायुसेवा हिमालय एयरलाइन्सले पाएको सेल्फग्राउण्ड ह्याण्डलिङको अनुमति खारेज गरी वायुसेवा निगमको पक्षमा र ाष्ट्रवादी निर्णय गरेको छ", क्यानको निर्णयमा भनिएको छ । हिमालयलाई सेल्फ ह्यान्डलिङको अनुमति दिँदा निगमको २० प्रतिशत आम्दानी गुम्ने खतरा रहेको भन्दै क्यानले पछिल्लो निर्णयले निगमको साविक आम्दानी प्रभावित नहुने अवस्था बनेको उल्लेख गरेको छ । निर्देशिकाबमोजिम अनुमति पाएको एक वर्षभित्र ग्राउण्ड इक्युपमेन्ट खरिद गरी सेवा सञ्चालन गर्नुपर्नेमा हिमालयले सो नगरेपछि उसको अनुमति रद्द गर्ने निर्णय भएको क्यानले जनाएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल यही पुस १७ देखि व्यावसायिकरूपमा सञ्चालनमा आउँदैछ । उक्त विमानस्थलमा आज आन्तरिक उडानका बुद्ध एयर र यती एयर लाइन्सले डेमो उडान सफलताका साथ सम्पन्न गरेका छन् ।

वायुयानको भूमिस्थ प्रबन्ध तथा अन्य ग्राउण्ड ह्याण्डलिङ सेवा सञ्चालन निर्देशिका, २०७२ को दफा ४ बमोजिम साताको ३५ वटाभन्दा बढी नियमित उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले सेल्फ ह्यान्डलिङ गर्न पाउने नियमअनुसार ४ असोज २०७७ मा हिमालय एयरलाइन्सले यो अनुमति पाएको थियो ।

# पोखरा महानगरमा मेलमिलापकर्ता तालिम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ पुस**

पोखरा महानगरपालिका न्यायिक समितिको आयोजनामा मेलमिलाप सम्बन्धी आधारभुत तालिम सुरु भएको छ ।

तालिमको उद्घाटन गर्दै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले मुद्धामार्मिलामा जान नपर्ने अवस्था आउन नदिने गरी स्थानीय तहमा विवाद समाधान गर्नसके नागरिकलाई सहज हुने बताउनुभयो ।

प्रमुख आचार्यले एउटा कुराले नमिलेको विवाद हुन्छ, त्यो विकर ाल बन्दै गएर मुद्धामार्मिलासम्म पुग्छ, त्यसको वास्तविकर्ता केलाएर मेलमिलापकर्ताका माध्यमबाट समाधान गर्नसके उत्तम हुन्छ भन्नुभयो । उहाँले मेलमिलापकर्ताको कानुनी व्यवस्था हो, त्यसैले मेलमिलापकर्ताले मध्यस्ताको भुमिका खेलेर विवाद समाधानमा भुमिका खेल्नुहुनेछ । वडा तहबाटै मुद्धामार्मिलामा जाननपर्ने अवस्था आउने गरी विवादको समाधान गर्नु उहाँले मलमिलापकर्तालाई आग्रह गर्नुभयो । उहाँले पोखरा महानगरपालिकाको न्यायिक समिति अघिल्लो पाँच वर्षमा उत्कृष्ट बनेको चर्चा गर्दै आगामी दिनमा पनि न्याय सम्पादनमा उत्कृष्ट बन्ने विश्वास ब्यक्त




गर्नुभयो । उहाँले नेपालका स्थानीय तहमा दिइएको अधिकार विशिष्ट खालको भएको उल्लेख गर्नुभयो । "स्थानीय तह आफैमा सरकार हो । स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायिपालिका गरी तीनै अधिकार प्राप्त छ । यो अधिकार विशिष्ट छ ।" उहाँले संसारका कमै देशमा यस्तो प्रकारको अभ्यास रहेको बताउदै् स्थानीय सरकार बलियो नभएसम्म देशको अनुशासन व्यवस्थालाई सुदृढ बनाउन नसकिने समेत बताउनुभयो । जिल्ला अदालत कास्कीमा प्रमुख भै कार्य गर्दै आउनु भएका न्यायधिस रमेशप्रसाद खरेलले विवाद समाधानको उत्तम बिकल्प मेलमिलाप भएको बताउनुभयो । विवाद समाधनको प्रभावकारी विकल्पको रुपमा मेलमिलापलाई स्थानीय तहमा स्थापित गरिएको भएको छ उहाँले भन्नुभयो,'राजनीतिक रुपमा धेरै उपलब्धी प्राप्त भए तर महत्वपूर्ण उपलब्धिको रुपमा न्यायिक समिति गठन हो ।' उच्च अदालत पोखराका रजिष्ट्रार श्रीलाल पौडेलले मेलमिलापकर्ताले विवाद समाधानका लागि निश्चित मापदण्ड पालना गर्नुपर्नेमा जोड दिदै विवाद समाधान गर्ने अधिकार स्थानीय तहलाई दिएको छ, त्यसैले न्यायिक समितिले मेलमिलापकर्ता उत्पादन र विवाद समाधानलाई सुदृढ गर्ने काम भएको बताउनुभयो ।

पोखरा महानगरका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले स्थानीय तहबाटै विवाद उत्पन्न हुने भएकाले वडाबाटै यसको समाधान गर्ने उद्देश्यले न्यायिक समिति गठन भएको बताउनुभयो। उहाँले नागरिकले आफैले निर्वाचित गरेको जनप्रतिनिधिसंग आफना समस्या राख्न सजिलो हुने भएकाले न्यायिक समितिको कल्पना गरिएको बताउनुभयो ।

कार्यक्रममा पोखरा महानगरका प्रवक्ता मोतिप्रसाद तिमिल्सेना, काँग्रेसका तर्फबाट महानगरका दलका नेता दिवसमान प्रधानांग, नेकपा एमालेका दलका नेता शाधिका शाही योगी, महानगर न्यायिक समितिसदस्यद्धय कालिदास पोखरेल, भावना श्रेष्ठ लगायतले न्यायिक समितिको बारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रम महानगर न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङको अध्यक्षतामा भएको थियो भने सञ्चालन महानगर न्यायिक समितिका मेलमिलाप सहजकर्ता सोम लम्सालले गर्नुभएको थियो । आठ दिनसम्म सञ्चालन हुने तालिममा पोखरा महानगरका ३३ वटा वडाका ७० जनाको सहभागीता रहेको छ ।वडा तहका विवादलाई समाधान गर्ने उद्देश्यले मेलमिलापकर्ताका लागि तालिम सञ्चालन गरिएको महानगरपालिका न्यायिक समितिका उजुरी प्रशासक नारायणप्रसाद शर्माले जानकारी दिनुभयो । तालिम प्राप्त मेलमिलापकर्ता नभएका र पाँच जना भन्दा कम भएका वडाबाट नाम माग गरेर तालिम सञ्चालन गरिएको हो । तालिम पुस १४ गतेसम्म सञ्चालन हुने न्यायिक समितिका अभिलेख संरक्षक र ाममणी अधिकारीले बताउनुभयो ।

# संसदीय दलको नेतामा अध्यक्ष दाहाल 'प्रचण्ड' चयन

**रासस**
**काठमाडौं, ७ पुस**

नेकपा (माओवादी केन्द्र) को संसदीय दलको नेतामा पुष्पकमल दाहाल 'प्रचण्ड' चयन हुनुभएको छ ।

सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बिहीबार बसेको दलको बैठकले नेतामा अध्यक्ष दाहाललाई चयन गरेको हो । यस्तै, दलको प्रमुख सचेतकमा हितराज पाण्डे निर्विरोध चयन हुनुभएको छ । दलको उपनेता र सचेतक भने चयन गरिएको छैन ।

यस्तै, राष्ट्रियसभातर्फ दलको नेता नारायणकाजी श्रेष्ठ चयन हुनुभएको छ । प्रमुख सचेतकमा गोपीबहादुर सार्की अछामी र सचेतकमा गंगाकुमारी बेल्बासे पहिलेदेखि नै कार्यरत हुनुहुन्छ । माओवादीको बिहीबारको पदाधिकारीको बैठकले संसदीय दलको नेतामा नेकपा (माओवादी केन्द्र)का अध्यक्षसमेत रहनुभएका पूर्वप्रधानमन्त्री दाहाललाई संसदीय दलको नेता बनाउने निर्णय गरेको थियो ।

सोही बैठकले प्रमुख सचेतकमा नेता पाण्डेलाई चयन गर्ने निर्णय गरेको थियो । गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा माओवादीले प्रत्यक्ष र समानुपातिक गरी ३२ स्थानमा जित हासिल गरेका छ ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# युवालाई राजनीतिमा ल्याउने बाटो खोल

राजनीतिमा युवाको हस्तक्षेपकारी भूमिका खोजीएको छ । देशका पुराना र ठूला दलमा युवा नेतृत्वको खोजी जनमासले गरेको छ। पुराना र ठूला दलमा युवालाई नेतृत्व सुम्पन तयार छैनन् भन्ने कांग्रेस संसदीय दलको नेताको चुनावले देखाएको छ। सामाजिक संजालमा पुराना नेता विरुद्ध चलाएको अभियान सफल हुन सकेन। युवा नेतृत्व विकास हुने ठाउँ क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनबाट हो । आन्दोलनले पनि नेतृत्व जन्माउने गर्छ । अहिले देशको नेतृत्व गरेका र पार्टीको नेतृत्व गरेका आन्दोलन र विद्यार्थी संगठनको नेतृत्व गरेर स्थापित भएका हुन । अहिलेका युवाले सामाजिक र जनजीविका मुद्दा उठाएर आन्दोलन गरेका छैनन् ।

विश्वविद्यालयमा स्ववियु निर्वाचन भएको छैन । युवा नेतृत्व जन्माउने ठाउँमा कुनै गतिविधि नहुँदा बृद्धा र पुरानो पुस्ताको हालीमुहाली चल्छ। सबै तहको चुनाव सकिएपछि बल्ल त्रिभुवन विश्वविद्यालयले स्ववियु निर्वाचन सम्बन्धमा छलफल सुरु गरेको छ। आगामी फागुन महिनामा स्ववियु निर्वाचन गर्ने गरी छलफल सुरु गरेको त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिएका छन । त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटाको अध्यक्षतामा शिक्षाध्यक्ष डा. शिवलाल भुसाल, रजिष्ट्रार डा पेशल दाहालसहित विभिन्न संकायका डीन र परीक्षा नियन्त्रकसँग स्ववियु निर्वाचनका सम्बन्धमा छलफल भएको छ।

छलफलमा स्नातक र स्नातकोत्तर तह प्रथम वर्षको भर्ना निर्वाचन अघिसक्ने र स्नातक तेस्रो तथा चौथो वर्षको नतिजा प्रकाशन र निर्वाचनलाई असर पार्ने गरी कुनै पनि परीक्षा तालिका सार्वजनिक नगर्ने भएको छ । विभिन्न संकाय र संस्थानका डिनहरू, कार्यकारी निर्देशक, परीक्षा नियन्त्रकको उपस्थितिमा भएको छलफल सकारात्मक छ । स्ववियु निर्वाचनको सम्बन्धमा विद्यार्थी संगठनसँग छलफल गरेर मिति सार्वजनिक भए मात्र विश्वास गर्ने ठाउँ रहन्छ । विद्यार्थीसँगको छलफल गरेर विद्यार्थी कल्याण निर्देशनालयमा मिति पेस गर्ने र निर्देशनालयले त्रिवि कार्यकारी परिषद्मा मिति सिफारिस गर्नेछ। त्यसपछि त्रिवि कार्यकारी परिषद्ले मिति घोषणा गर्ने प्रकृया बाँकी छन ।

त्रिवि क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुनसकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन। विसं २०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभरि त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ वटा आङ्गिक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो। यस्तै, उपत्यकाका १३ क्याम्पस र उपत्यका बाहिर २३ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन। त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । त्रिविमा हुन सकेमा अन्य विश्वविद्यालयमा पनि हुन सक्छ । विद्यार्थी संगठनका नेतृत्वमा रहेकोले कुनै बाहना नबनाई स्ववियु निर्वाचन हुने वातावरण बनाउन सके राजनीतिक दलमा युवाको सहभागिता बढ्ने र नेतृत्वमा पुग्नका लागि सहज हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कागती खेतीबाट मनग्य आम्दानी

रासस

बागलुङ, ७ पुस

पन्ध्र वर्ष कतारमा सवारी चालकका रूपमा काम गर्दै आउनुभएका निसीखोला गाउँपालिका-४ झिम्पाका ३७ वर्षीय रेमबहादुर क्षेत्रीलाई कतारको लोभलाग्दो जागिरलाई छुटाएर गाउँ फर्कायो।

पछिल्लो समय बागलुङमा व्यावसायिक कागती खेती गर्ने क्रम बढिरहेको छ । बागलुङ र गलकोट नगरपालिका र निसीखोला गाउँपालिकामा कागतीको खेती थालिएको छ । जिल्लाको निसीखोला गाउँपालिकाका क्षेत्रीसहितका केही किसानले भने कागती खेतीको व्यावसायिक बिक्री-वितरण थालिसक्नुभएको छ। अगुवा कागती किसान रिमबहादुर क्षेत्री, निमलाल पौडेल र धरमराज पोखेलले उत्पादन गरेको कागतीले राम्रो बजार पाउन सफल भएको छ।

नौ वर्षअघि १० बोटबाट कागती खेती थाल्नुभएको रेमबहादुर क्षेत्रीको फार्ममा अहिले चार सय कागतीका बोट छन् । अहिले चार सय बोटमध्ये एक सय ५० बोटले कागती उत्पादन दिइराखेको छ । उहाँले गत वर्षमात्रै कागती बिक्रीबाट रु दुई लाख आम्दानी गर्नुभएको र यस वर्ष आम्दानी बढेर रु तीन लाख ५० हजार पुग्ने बताउँदै कागतीको माग राम्रो भएको बताउनुभयो। "कागतीको राम्रो सम्भावना देखेरै कागतीका बिरुवा रोपेको थिए, नियमित हेरचाह गर्न नपर्ने खेती भएकाले बिरुवा थप्दै विदेश जाँदै गरे, जब उत्पादन थाल्यो त्यसपछि विदेशलाई बिट मारेर यही व्यवसायमा लागे", उहाँले भन्नुभयो, "अहिले यहाँको कागती बुर्तिवाङ बजार, बुटवल, पोखरा र काठमाडौँ पुग्छ, यो वर्ष १६ क्विन्टल बिक्री गरिसके बगैँचामा अझै १० क्विन्टल बिक्री गर्न बाँकी छ, होलसेलमा प्रतिकेजी एक सयमा बिक्री गरिरहेको छु, यो वर्षमात्रै रु तीन लाख आम्दानी हुनेछ ।" किसान क्षेत्रीले बजारको माग राम्रो भएकाले थप २० रोपनी जग्गामा कागती र टिमुर खेती गर्ने योजनामा रहेको बताउँदै कागतीको बजार राम्रो भएकाले निसिखोलाका कृषक कागती खेतीप्रति जागरुक भएको बताउनुभयो । सैतीस वर्षीय क्षेत्रीले निसीखोला गाउँपालिका-४ छिम्पामा जीवन पोल्टी फार्म तथा विविध कृषि केन्द्र स्थापना गरी विसं २०७४ देखि फार्म दर्ता गरेर आफ्नै १५ रोपनी जग्गामा कागती खेती गर्दै आउनुभएको छ। क्षेत्रीले विदेश गएर कमाएको रकमले फार्म व्यवस्थापन गरेको श्रीमती लीला पौडेलले फार्ममा सहयोग गर्दै आएको बताउनुभयो।

उहाँको फार्ममा कागती खेतीसँगै १० घार मौरी र २०-२० बोटबाट हलुवावेद र अमिलोसमेत उत्पादन भइरहेको छ । अहिले कागतीको माग धान्नै धौ धौ भएको क्षेत्रीको भनाइ छ। कागतीको दानासँगै चुक र अचारसमेत बिक्री गर्न सकिने उहाँको भनाइ छ। क्षेत्रीले वार्षिक रु ४० लाख आम्दानी गर्ने योजनाका साथ कागती खेती विस्तारमा लागेको बताउनुभयो। यस्तै निसीखोला गाउँपालिका-४ बडाचौरका निमलाल पौडेलले यस वर्ष ३० क्विन्टल कागती बिक्री गरिसक्नुभयो। छब्बीस रोपनी जग्गामा उहाँका नयाँ तथा पुराना बिरुवा गरी चार सय ५० बोट छन् । अहिले उहाँको कागती बगानमा झण्डै ३० क्विन्टल कागती अझै बिक्री गर्न बाँकी छ। पौडेलले विसं २०५५ मा एक सय बोटबाट सुरु गरेको कागती खेतीलाई क्रमशः व्यावसायिक बनाउँदै आउनुभएको छ । उहाँले उत्पादन भइरहेको कागतीलाई बुटवल, काठमाडौँ र पोखरालगायतका क्षेत्रमा बिक्री हुने गरेको बताउनुभयो।

"सुन्तला तत्कालै बिक्री नगरे बिग्रन्छ, तर कागतीको दाना एक महिना केही हुँदैन, बिक्री नभए चुक बनाएर वर्षौं टिकाउन सकिन्छ भनेर कागती खेती थालेको थिए, अहिले त बिक्री राम्रो छ, चुक बनाउनै पर्दैन", पौडेलले भन्नुभयो, "अहिलेको बजार हेर्दा कागती खेतीलाई अझै विस्तार गर्न आवश्यक छ, निसीखोलामा कागतीको राम्रो खेती भएको पाएका छौँ, यहाँका धेरै कागती खेती गर्ने किसानहरू मिलेर एकमुष्ट बजारीकरण गर्दै आएका छौँ", पौडेलले कागतीलाई प्रतिकेजी एक सय ५० देखि एक सयसम्म बिक्री गर्ने बताउनुभयो । केही फलफूल व्यापारी गाडी लिएर कागती लिन आउँछन्, कहिले आफैँ लगेर बिक्री गर्ने गरिने पौडेलको भनाइ छ। उहाँले सृष्टि कृषि तथा पशुपालन फार्म दर्ता गरेर व्यावसायिक कागती खेती गर्दै आउनुभएको छ। यस्तै निसीखोला गाउँपालिका-५ का धर्मराज पोखेलले समेत व्यावसायिकरूपमा कागती खेती उत्पादन गर्दै आउनुभएको छ । पोखेलको कागती बगानमा अहिले चार सय बोट हुर्किरहेका छन् । कागतीका लागि उपयुक्त भूगोल भएकाले निसीखोलाका किसान त्यसतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो।


प्रदेश सरकार

पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

गण्डकी प्रदेश, पोखरा

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०९/०७

यस कार्यालयबाट मिति २०६८/११/२९ मा कास्की जिल्ला पोखरा १४ मा संचालन गर्ने गरि पोखरा १३ कास्की निवासी मिना श्रेष्ठको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ८३०५/०६८/०६९ को सन्देश मेटल वकर्स (शाखा युनिट) नामक फर्मका प्रोपराईटर श्री मिना श्रेष्ठले मिति २०७९/०९/०७ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा उद्योग कार्यालय, कास्की**

**गण्डकी प्रदेश, पोखरा**


# बन्दीपुर केबलकारको काम अन्तिम चरणमा

पोखरापत्र संवाददाता

दमौली, ७ पुस

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माणाधीन केबलकारको काम अन्तिम चरणमा पुगेको छ । आगामी वैशाखदेखि व्यावसायिक रुपले सञ्चालनमा ल्याउने तयारी गरिएको केबलकारको काम अन्तिम चरणमा पुगेको हो।

पाँचतारे होटलसहित निर्माण भइरहेको परियोजनाको काम हालसम्म ८० प्रतिशत सकिएको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार केबलकारको टावरको काम सकिएको छ। अहिले इन्जिन जडानको काम भइरहेको उहाँले बताउनुभयो । "इन्जिन जडानको काम सकेर लठ्ठाको काम सुरु गर्छौं, त्यसपछि बाक्सा जडान गरिनेछ", शर्माले भन्नुभयो, "फागुनसम्म परीक्षण गरेर वैशाखदेखि व्यावसायिक हिसाबले सञ्चालनको लक्ष्य राखेका छौं।"

विसं २०७५ साउनदेखि निर्माण सुरु भएको केबलकार परियोजना विभिन्न कारणले ढिलाइ भए पनि अब काम नरोकिने शर्मा बताउनुहुन्छ। "दुई वर्ष त कोभिड र बन्दाबन्दीका कारण परियोजनाको काम नराम्ररी प्रभावित भयो", उहाँले भन्नुभयो, "त्यसयता पनि निर्माण सामग्री समयमै आउन नसक्दा काम ढिलाइ हुँदै आयो, तर अहिले तीव्ररूपमा काम अगाडि बढेको छ।" आगामी वर्षको मङ्सिरभित्र पाँचतारे होटल र माघभित्र सम्मेलन केन्द्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ । आगामी जेठभित्र भ्यूजरुम, असारभित्र वाक्स म्युजियम, साउनभित्र जीपलाइन, भदौभित्र बन्जी र स्काइवाक तथा असोजभित्र रेष्ट्रो क्याबिन सम्पन्न गर्ने लक्ष्य लिइएको छ। बन्दीपुर गाउँपालिका-४ बरालथोकमा पाँचतारे होटलको निर्माणकार्य पनि तीव्रगतिमा भइरहेको छ । केबलकार सिधै होटलभित्र छिर्ने प्रविधिसहितको हुने छ।

पाँचतारे होटलसहितको केबलकारमा लगानी वृद्धि भएको छ । केबलकार र होटलको क्षमता बढेकाले लगानी पनि वृद्धि भएर रु दुई अर्ब ६० करोड पुगेको जनाइएको छ। यस अगाडि केबलकारको क्षमता प्रतिघण्टा तीन सय रहेकामा त्यसलाई बढाएर पाँच सय पुऱ्याइएको छ । होटलको कोठा सङ्ख्या ६६ रहेकामा त्यसलाई बढाएर ८७ पुऱ्याइएको छ। दश तलाको होटलसहितको भवनमा आधुनिक भ्यूटावर, बेनक्युट हल र ८० कोठा हुनेछन् । होटलको पूर्वाधारको काम सकिएको र फिनिसिङको काम बाँकी छ।

बन्दीपुर-४ ठुल्दुङ्गाबाट सुरु हुने केबलकार सोही वडाको बरालथोकसम्म पुग्छ । केबलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगरस्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ। ठूल्दुङ्गास्वाँराबाट सुरू हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ। केवलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ। आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एण्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको हो । लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीहरूको कम्पनी हो । यसमा एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन्।

# दुई सय घरटहरालाई आठ करोड क्षतिपूर्ति

पोखरापत्र संवाददाता

दमौली, ७ पुस

पृथ्वी राजमार्ग सडक विस्तारअन्तर्गत तनहुँको पूर्वीखण्डमा दुई सय घरटहरालाई करिब रु आठ करोड क्षतिपूर्ति दिनुपर्ने भएको छ । सडक विस्तारका क्रममा भत्काइएका घरटहरालाई क्षतिपूर्तिवापत उक्त रकम वितरण गरिने आयोजनाले जनाएको छ।

उक्त खण्डमा अझै दुई सय घरटहरा भत्काउन बाँकी रहेको तनहुँस्थित मुग्लिन-पोखरा सडक आयोजना पूर्वीखण्डका इञ्जीनियर एवं सूचना अधिकारी विष्णु पाण्डेले जानकारी दिनुभयो। हाल उक्त सडकखण्डमा रोड कटिङ, पर्खाल, पुल, कल्भर्ट निर्माणलगायत कार्य भइरहेका छन् । हालसम्म करिब आठ प्रतिशत कार्य सम्पन्न भएको र सडक फराकिलो बनाउने क्रममा सडक आसपासका विद्युत् पोल, खानेपानी पाइप, टेलिफोन, इन्टरनेटलगायतलाई सम्बन्धित निकायसँग समन्वय गरी हटाउने प्रक्रियामा रहेको उहाँले बताउनुभयो । जिल्लाको आँबुखैरेनी पुलजीपबाट म्याग्दे गाउँपालिकाको जामुनेसम्म ४१दशमलव४५ किलोमिटर सडकमा गैरसहरी क्षेत्र ३९दशमलव९३, सहरी क्षेत्र एक दशमलव५२ र १८ वटा पुल निर्माण हुनेछन् । उक्त सडक निर्माणका लागि चिनियाँ कम्युनिकेशन कन्स्ट्रक्सन कम्पनी लिमिटेडले सम्झौता गरी ठेक्का पाएको हो।

त्यसैगरी मुग्लिन-पोखरा सडक आयोजनाले सडकका दायाँबायाँका चार हजार दुई सय पाँच रुख कटान गरेको छ । करिब चार सय ६६ रुख काट्न बाँकी रहेको आयोजनाका वातावरणविज्ञ युवराज ढकालले जानकारी दिनुभयो। बाँकी रहेका रुखमध्ये पनि सकेसम्म बचाएर काट्ने योजना छ। "सबै रुख नकाटिन पनि सक्छन्", उहाँले भन्नुभयो, "काट्नैपर्ने रुखमात्रै कटान गरी रुख बचाउन आयोजनाले योजना बनाएको छ।" सडक विस्तार गर्न बिजुलीका पोल, पानीका पाइप र टेलिफोनका तार बाधक बन्ने गरेका छ । उक्त सडक खण्डमा दुई हजार चार सय बिजुलीका पोल र ३९ किलोमिटर खानेपानीको पाइप हटाउनुपर्ने विज्ञ ढकालले बताउनुभयो । आयोजनाबाट विस्थापित भएका, सीमान्तकृत, दलित, आदिवासीलगायतलाई सीपमूलक तालिम प्रदान गरी आयआर्जनका लागि सबल बनाउने योजना छ।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०९/०६ गतेको निर्णय र पोखरा म.न.पा. को च.न. ४०४ मिति २०७९/०९/०६ गतेको प्राप्त पत्र अनुसार यस विद्यालयको प्रा तह तृतीय श्रेणीको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि २०७९/०९/०७ गतेदेखि २०७९/०९/२१ गतेसम्म योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**तहः आधारभूत तह, तृतीय श्रेणी** **संख्याः १ जना**

**योग्यता– न्यूनतम कक्षा १२ पास वा सो सरह**

**आवश्यक कागजातहरुः**

- **नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान**
- **शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
- **स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**
- **हस्तलिखित निवेदन १ थान**

**साथै हाल सालै खिचेको पासपोर्ट साइजको फोटो १ थान**

**दरखास्त दिने मितिः** २०७९/०९/०७ **देखि** २०७९/०९/२१ **गतेसम्म अपरान्ह** ४: ०० **बजेसम्म**

**सम्पर्क मितिः** २०७९/०९/२२ **गते**

**निवेदन दस्तुरः** रु १०००।– (एक हजार मात्र)

**परीक्षाको किसिमः** लिखित तथा अन्तवार्ता

**निवेदन दिने स्थानः** श्री सरस्वती विरमाया आधारभूत विद्यालय

**सम्पर्क नं.:** ९८४६०४९०१५/९८१९१८७१०१

**श्री सरस्वती विरमाया आधारभूत विद्यालय**

**पोखरा-२०, मौजा, कास्की**



## नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. ०२ साविक सार्दिखोला-७ निवासी भारतीय भू.पू.सै.न. ५३४५१४२, का पूर्ण बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर पवित्रा कुमारी गुरुङ (Pabitra Kumari Gurung) भएको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर पुवित्र कुमारी गुरुङ (Pubitra Kumari Gurung) भएकोले उल्लेखित दुबै नामथर भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनी कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका ०२ नं. वडा कार्यालयको च.नं. ७१५ मिति २०७९/०९/०७ को सिफारिस पत्रबाट लेखि आएको ले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# एउटै गाउँबाट एक करोडको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
**वालिङ, ७ पुस**

स्याङ्जाको एउटै गाउँबाट रु एक करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ।

वालिङ नगरपालिका वडा नं ४ सुन्तलाबारीबाट यसवर्षमात्रै रु एक करोडभन्दा बढीको सुन्तला बिक्री भएको हो। सुन्तलाबारी गाउँका २२ घरधुरीले ठेक्का तथा खुद्रा बिक्रीबाट राम्रो आम्दानी गर्न सफल भएको सुन्तलाबारी सामुदायिक 'होमस्टे' अन्तर्गत सुन्तला बगैंचा व्यवस्थापन समितिका अध्यक्ष खेमराज गुरुङले बताउनुभयो । "अहिलेसम्म ठूला-ठूला बगैंचाको सुन्तला ठेक्कामार्फत् एक करोडको बिक्री भइसकेको छ", उहाँले भन्नुभयो, "अब साना-साना बगैंचाका सुन्तला बिक्री हुन बाँकी छ, अब करिब रु सात लाख बराबरको बिक्री हुने अनुमान गरेका छौं।" यहाँ उत्पादन भएका सुन्तला पोखरा, बुटवल, मुग्लिनलगायतका ठाउँबाट ठेकेदार आइ बोट वा बगैंचा नै खरिद गर्छन् । तौल गरी बेच्दा प्रतिकेजी रु ६ देखि ७० मात्रै पर्ने भएकाले किसानले बोट नै ठेक्का दिने गरेका छन्। "गतवर्ष कति मूल्य थियो र अहिले कस्तो फलेको छ भन्ने आधारमा मूल्याङ्कन गर्छौं", उहाँले भन्नुभयो, "अन्दाजी ४०/५० हजार फाइदा हुने गरी ठेक्का दिइने भएकाले बजार खोज्नुपर्दैन, ढुवानी तथा टिप्नका लागि कामदार पनि चाहिन्न।"



गाउँमा रहेका २२ घरले न्यूनतम एक लाख ५० हजारदेखि बढीमा १३ लाखसम्म सुन्तला बिक्रीबाट आम्दानी गरेको उहाँको भनाइ छ। सुन्तला बिक्रीबाट पाँच लाखभन्दा बढी आम्दानी गर्ने घरधुरीको सङ्ख्या धेरै छ। गतवर्ष यस गाउँबाट रु ८७ लाख ७४ हजार बराबरको सुन्तला बिक्री भएको थियो। यसवर्ष सुन्तला गतवर्षको तुलनामा धेरै र बाक्लो फलेकाले आम्दानी पनि बढेको उहाँले बताउनुभयो। गत वर्ष एघार हजार सुन्तलाका बोट रहेपनि यस वर्ष तीन हजार तीन सय सुन्तलाका नयाँ बोट थपिएका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोनले यस गाउँलाई पनि समेटेपछि बगैंचा विस्तार गरिएको हो। "यहाँ उत्पादन भएको सुन्तला सबै बिक्री हुँदैनन्" उहाँले भन्नुभयो, "गाउँमा होमस्टे सञ्चालनमा रहेकाले यहाँ आउने पाहुना तथा आफन्तलाई कोसेलीस्वरुप सुन्तला दिने गरिएको छ।" यो गाउँको नाम पनि सुन्तालासँगै जाडिएको छ। अन्य समयको तुलनामा यस समयमा होमस्टेमा आउने पाहुनाको सङ्ख्यामा बढी हुनेगरेको छ।

# एउटै शिक्षकको भरमा तीनवटा कक्षाको पठन पाठन

**रासस**
**वालिङ, ७ पुस**

स्याङ्जाको वालिङस्थित एक विद्यालयमा एक शिक्षकको भरमा तीनवटा कक्षाको पठन पाठन हुँदै आएको छ। वालिङ नगरपालिका-१४ करादीस्थित सौरीखाल्टा माइस्थान आधारभूत विद्यालयमा एक शिक्षक मात्र कार्यरत हुनुहुन्छ।

तीन कक्षासम्म मात्र पढाइ हुने उक्त विद्यालयमा तीन शिक्षकको दरबन्दी छ। तर एक वर्षयता अरु शिक्षक नआउँदा आफू एक्लैले विद्यालय धान्नुपर्ने बाध्यता रहेको विद्यालयका प्रधानाध्यापकसमेत रहनुभएका धनबहादुर हमालले बताउनुभयो। "तीन कक्षासम्म पढाइ हुन्छ, शिक्षक दरबन्दीतीनजनाकोछ,तरएकवर्षदेखि मैले मात्र पढाउनु परिरहेको छ", उहाँले भन्नुभयो, "दरबन्दी काटिएको पनि छैन, अरु शिक्षक हाजिर हुन आएका छैनन्।" प्रधानाध्यापक आफै रहेका हमाल एक्लैले तीनवटा कक्षा एकसाथ सञ्चालन गर्दै आउनुभएको छ। अघिल्लो वर्ष कात्तिकसम्म दुई शिक्षक रहे पनि एकजना बिरामी भएर अवकाश भएपछि गत मङ्सिरदेखि आफू एक्लैले तीनवटा कक्षाका विद्यार्थी हेर्नुपरेको उहाँले बताउनुभयो।

"विद्यालयमा अध्ययनका लागि आउने सबै बालबालिकालाई एउटै कोठामा राखेर कक्षागत समूह-समूह बनाएर पढाउने गरेको छु", हमालले भन्नुभयो, "यसरी कति दिनसम्म चलाउने होला ? सरोकारवाला निकायलाई पटकपटक जानकारी गराउँदा पनि पदपूर्ति हुन सकेको छैन।" भौगोलिकरुपमा विकट ठाउँ भएकाले पनि अन्यत्रबाट यहाँ आउन शिक्षकले इच्छा नदेखाएकाले समस्या देखिएको हुनसक्ने उहाँको भनाइ छ। १-३ कक्षा सञ्चालनमा रहेको उक्त विद्यालयमा हाल १२ छात्र/छात्रा अध्ययनरत रहेका छन्।

"लामो समयसम्म शिक्षण पेसामा रहेँ, अब अवकाश लिन खोजेको थिएँ", हमालले भन्नुभयो, "कस्लाई छोडेर जाउँ, यस्तै अवस्थमाा छोड्दा अस्तब्यस्त हुन्छ, त्यस्तो गर्न मनले नि मान्दैन, छोड्न नि सकिरहेको छैन।" उहाालाई कुनै काम विशेषले विद्यालयमा बिदा लिन पनि समस्या भइरहेको छ। विद्यालयकै कामको सिलसिलामा कतै जान परेमा कार्यालय सहयोगी तथा गाउँका अभिभावक खोजेर बालबालिका हेर्ने जिम्मा लगाउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक हमाल बताउनुहुन्छ। दरबन्दीअनुसारका शिक्षक नहुँदा विद्यालयमा निक्कै समस्या आइपरेको छ।

## सिद्ध बराह एग्रो फार्म
### पोखरा २३, कास्की

**दरभाउ/बोलपत्र आव्हानको सूचना**
**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाको अनुदान सहयोगमा सञ्चालीत "स्वच्छ दुध उत्पादनका लागि गाई भैसी पालन" उपआयोजना (3KSK17)**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०८/२०**

यस सिद्ध बराह एग्रो फार्मले सञ्चालन गरेको 'स्वच्छ दुध उत्पादनका लागि गाई भैसी पालन' उपआयोजनाका लागि आवश्यक पर्ने देहाय बमोजिमका पशु/सामाग्री माग भएकाले सम्वन्धित आपूर्तिकर्ताहरुले आ-आफ्नो दरभाउ पत्रसहित संस्था दर्ताको प्रमाणपत्र, मु.अ.क. तथा स्थायी लेखा नं दर्ताको प्रमाणपत्र, आ.व २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र सहित यस संस्थाको ग्रीन डेभलपमेन्ट बैंक लि.मा रहेको खाता नम्वर ०१४१०१०००१९८३१००००१ आफ्नो बोलपत्रमा उल्लेखित रकमको कम्तीमा २% रकम जम्मा गरेको भौचर सहित बोलपत्र पेश गर्नहुन यो सूचना मार्फत जानकारी गराउदछौं।

तपशिल

| | | | |
|---|---|---|---|
| होलीस्टेन फ्रिजन गाई | ३० | च्याफकटर | १ गोटा |
| मुर्रा भैसी | २९ | मिल्कीङ मेशिन | ३ गोटा |
| राँगा उन्नत नश्लको | १ | मिल्क क्यान | १५ गोटा |

टेन्डर खरिदका लागि रु ३००० अक्षरुपी तिन हजार रुपैया मात्र लाग्ने छ।

**खरिद समिति संयोजक तथा**
**उपआयोजना सञ्चालन समिति**
**सिद्ध बराह एग्रो फार्म**
**पोखरा २३, कास्की**
**सम्पर्क नम्वर ९८५६०८८२२७**

## पोखरा हिल्स रिसोर्ट प्रा. लि. को प्रस्तावित पोखरा हिल्स रिसोर्ट निर्माण तथा संचालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षणको तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९/०९ /०८)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ११ मा पोखरा हिल्स रिजोर्ट प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | पोखरा हिल्स रिसोर्ट प्रा. लि.<br>गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ११ |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश, कास्की पोखरा महानगरपालिका वडा नं. ११ मा भवन संख्या १ र भिल्ला संख्या ३५ मा ६६ कोठा संख्या मा ९७ शैया क्षमताको रिसोर्ट निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्नसक्ने जिल्ला न.पा/गा.पा र वार्डहरु | गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ११ |
| कुल क्षेत्रफल (वर्ग मिटर) | १०,२०६.६ (४ बिघा) |
| जगगा को कित्ता नं. | ९७८,९८७,९७६,९८५,९७५,९७७ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक – आर्थिक तथा साँस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. पोखरा महानगरपालिका वडा नं. ११ को कार्यालय
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं, ०१-४२२७२८१,info@tourismdepartment.gov.np
३. श्री पोखरा हिल्स रिसोर्ट प्रा. लि वडा नं. ११, कास्की जिल्ला, पोखरा महानगरपालिका ९८५६०३२६६७
४. ग्रीन हेराल्ड ईन्भाइरोमेन्ट एण्ड इन्जिनीयरिङ कन्सल्ट प्रा.लि., बानेश्वर, काठमाडौं

## त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
### पोखरा क्याम्पस, पोखरा

**ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

यस क्याम्पसको फरेष्ट्री प्रोडक्ट युटिलाईजेशन ल्याबका लागि Equipment खरिद गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. २१,६५,०००।-(एक्काईस लाख पैसट्टी हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेका ल्याब Equipment हरु सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/१०/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख

## स्नोम्यान वाईनरी प्रा. लि.
### पनौती, नेपाल
### मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको वाईन नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७९/०८० का लागि मिति २०७९/१०/०१ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्त:शुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ।

| ब्राण्ड | मि.लि. | रिजनल डिष्ट्रिब्यूटर्स | | डिष्ट्रिब्यूटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | प्रति कार्टून | प्रति बोटल |
| AROMA (12*750)ML<br>(Premium Sweet Red Wine/Premium Sweet White Wine) | ७५० | ९,२००।०० | ५००।०० | ९,७००।०० | ६२०।०० | १०,३२०।०० | ५२०।०० | १०,८४०।०० | १,०४०।०० | ११,८८०।०० | ९९०।०० |
| King's Hill (12*750)ML<br>(Premium Sweet Red Wine/Premium Sweet white Wine) | ७५० | ८,१००।०० | ४२०।०० | ८,५२०।०० | ५५०।०० | ९,०७०।०० | ४७०।०० | ९,५४०।०० | ९६०।०० | १०,५००।०० | ८७५।०० |
| Chief Guest (12*750)ML<br>( Sweet Red Wine/ Sweet white Wine) | ७५० | ७,०००।०० | ३५०।०० | ७,३५०।०० | ४५०।०० | ७,८००।०० | ३९०।०० | ८,१९०।०० | ८१०।०० | ९,०००।०० | ७५०।०० |
| King's Hill Box Wine (4*4) LTR<br>(Premium Sweet Red Wine/Premium Sweet white Wine) | ४ लि. | १२,०५०।०० | ६५०।०० | १२,७००।०० | ८००।०० | १३,५००।०० | ७००।०० | १४,२००।०० | १,४००।०० | १५,६००।०० | ३,९००।०० |

नोट: उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य खर्चहरु समावेस गरिएकोले आवश्यकता अनुसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।